# प्रेस-विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूसँग मिति २०७५ मंसिर १९ गते उहाँकै कार्यकक्षमा नेपालमा आफ्नो कार्यकाल समाप्त गरी स्वदेश फर्कन लाग्नुभएकी नेपालका लागि जनवादी गणतन्त्र चीनकी महामहिम राजदूत H.E. Yu Hong ले शिष्टाचार भेट गर्नुभयो ।

भेटका अवसरमा महामहिम चिनिया राजदूतले नेपाल र चीनबीच शदीयौं पहिलेदेखि हार्दिक र मैत्रीपूर्ण सम्बन्ध रहेको र आफ्नो कार्यकालमा नेपाल र चीनबीचको सम्बन्धलाई थप प्रगाढ र जनस्तरसम्म विस्तार गर्न आफूले सक्दो प्रयास गरेको कुरा व्यक्त गर्नुभयो । आफ्नो नेपाल बसाइको अवधि अत्यन्त सुखद रहेको चर्चा गर्दै यो कार्यकालमा नेपाल र चीनबीच Belt and Road Initiative (BoR) लाई कार्यान्वयन गर्नेबारे समझदारीपत्रमा हस्ताक्षर हुनु, दुई मुलुकबीच पारवहन सम्झौतालाई कार्यान्वयनमा ल्याउने सम्बन्धी प्रोटोकललाई अन्तिम रूप दिनु, नेपाल र चीनबीच संयुक्त सैनिक अभ्यासको थालनी हुनु, दुई देशबीच उच्चस्तरमा भ्रमणको आदान-प्रदान हुनु जस्ता महत्वपूर्ण कार्यहरू सम्पन्न भएकोमा आफूलाई खुसी र गर्व लागेको कुरा महामहिम राजदूतले भेटवार्ताका क्रममा राख्नुभयो ।साथै, उहाँले नेपाल-चीनबीचको महत्त्वपूर्ण र पुरानो व्यापारिक नाका तातोपानीलाई आगामी सन् २०१९ को मेबाट सञ्चालनमा ल्याउने गरी कार्य भइरहेको कुरा बताउनुभयो । नेपालको आर्थिक सामाजिक विकासमा हरतरहले सहयोग गर्न चीन सदैव सकारात्मक रहेको कुरा व्यक्त गर्दै महामहिम राजदूतले आगामी दिनमा नेपाल चीनबीचको सम्बन्ध अझ सुदृढ बन्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

भेटका क्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले नेपाल र चीनबीच परापूर्वकालदेखि नै अत्यन्त घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रही आएको र यो सम्बन्ध सरकार तहसम्म मात्र सीमित नरही जनस्तरसम्म उत्तिकै प्रगाढ रहेको विचार व्यक्त गर्नुभयो ।चीनले नेपालको आर्थिक सामाजिक क्षेत्रको विकासमा पुर्‍याएको योगदानका लागि धन्यवाद दिँदै माननीय उपप्रधानमन्त्रीज्यूले राजदूत H.E. Yu Hong ले दुई देशबीचको सहयोगात्मक सम्बन्धलाई थप विस्तार गर्न पुर्‍याउनुभएको योगदानको प्रशंसा गर्नुभयो । भेटको अन्त्यमा माननीय उपप्रधानमन्त्रीज्यूले नेपालमा आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी स्वदेश फर्कन लाग्नुभएकी महामहिम राजदूतलाई उहाँको उज्ज्वल भविष्यको कामना गर्दै उहाँ जुनसुकै जिम्मेवारीमा रहे पनि नेपाल र चीनबीचको सम्बन्धलाई थप सुदृढ तुल्याउन सदैव क्रियाशील रहन आग्रह गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको समेत उपस्थिति थियो ।

(बाबुराम गौतम)
सह-सचिव एवं प्रवक्ता

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं
१९ मंसिर, २०७५